नेपाल सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विभाग

# कृषि ईन्जिनियरिङ्ग निर्देशनालय

हरिहरभवन, ललितपुर । फोन नं.: ०१-५०१००८८

प्रथम पटक प्रकाशित मिति २०७४/१२/१९

## कृषक समूह, कृषि सहकारी, नीजि कृषक फर्म तथा कृषि उद्यमी संस्थालाई कृषि यान्त्रीकरण अनुदानको लागि आवेदन पेश गर्ने १५ दिने सूचना !

आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि यन्त्र उपकरणमा अनुदान वितरण कार्यको लागि स्वीकृत "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७३" (प्रथम संशोधन, २०७४) को दफा १० अनुसार गठित छनौट समितिको मिति २०७४/१२/०७ को निर्णय अनुसार **यस निर्देशनालयको कार्यक्रम प्रयोजनको लागि मात्र** छनौट भएका आपूर्तिकर्ताहरुबाट अनुदानमा कृषि यन्त्र औजार उपकरण लिनको लागि दफा १२ (क) अनुसार जिल्ला **कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा** यस निर्देशनालयबाट छनौट भएका आपूर्तिकर्ता र कृषि यन्त्र, औजार उपकरणहरुको नामावली सूचना पाटीमा प्रकाशन गरे अनुसार स्वीकृत कार्यविधिको प्रावधानले अनुसूची-१ (ख) कृषक समुह उपभोक्ताको लागि र (ग) कृषि सहकारी/निजि कृषक फर्म/कृषि उद्यमी उपभोक्ताको लागि आवश्यक सम्पूर्ण कागजात उपभोक्ता आफैले प्रमाणित गरी अनुसूची-४ अनुसारको निवेदन र प्रारम्भिक छनौटको फारम भरी **सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा** यो सूचना प्रकाशन गरेको मितिले **१५ दिन नघाति मिति २०७५/०१/०३ भित्र** कार्यालय समयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित **जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले** स्वीकृत कार्यविधिको दफा १२ अनुसार गर्नु हुन र म्याद भित्र पर्न आएका निवेदनको संक्षिप्त विवरण छिटो छरितो साधन मार्फत यस निर्देशनालयमा पठाई दिनु हनु अनुरोध गरिन्छ। यस सम्बन्धित थप जानकारीको लागि सम्बन्धित कार्यालय वा यस निर्देशनालयमा सम्पर्क गर्नु हुन तथा उल्लेखित स्वीकृत कार्यविधि निर्देशनालयको वेबसाइट www.doaengg.gov.np मा डाउनलोड गर्न सकिन्छ ।